
जडिवुटी
विकास
कार्यक्रम
सुचना कक्ष कार्पेट हाल्ने काम
नोटबुक
आयमूलक जडिबुटी खेती, प्रशारण तथा भन्डारण सम्बन्धी तालिम
फिल्ड स्तरीय कोचिङ्गको लागि कार्यालय परिसरमा अभिमुखिकरण गोष्ठि
सम्पन्न गरिएको

# *जडिवुटी विकास कार्यक्रम*

## पृष्ठभूमी

जडिबुटीहरु जंगलबाट मात्र संकलन गर्ने वर्षो पुरानो प्रक्रियाबाट जडिबुटीहरुको प्राकृतिक भण्डारमा ह्रास आउदै गएको परिप्रेक्ष्यमा हाल विभिन्न सामुदायिक वन तथा ईच्छुक व्यक्तिहरु जडिबुटी खेतिमा संलग्न हुन थालेका भएता पनि जडिबुटीका विरुवाहरु उपलब्ध नहुनु यसको प्रमुख समस्याको रुपमा रहि आएको छ । जडिबुटीहरुका विरुवाहरु उत्पादन गर्ने निजी स्तरमा नर्सरीहरुको पनि पर्याप्त विकास हुन नसकेको हालको अवस्थामा यस कार्यमा निजी स्तरलाई प्रोत्साहन गर्न आवश्यक देखिएको हुदा सामुदायिक वन तथा इच्छुक व्यक्तिहरुलाई आवश्यक पर्ने जडिबुटीका विरुवाहरु सुलभ रुपमा उपलब्ध गराउनका लागि निजी स्तरका कृषकलाई संलग्न गराउने उद्देश्यले आ.व. २०६१/६२ देखि केन्द्र र जिल्ला वनस्पति कार्यालयहरु मार्फत यस जडिबुटी विकास कार्यक्रम सञ्चालन भई आईरहेको छ ।

## उद्देश्यहरु

१.निजी स्तरका कृषक वा नर्सरी व्यवसायी मार्फत जडिबुटीका विरुवाहरु उत्पादन गरी उनीहरुको आय आर्जनमा टेवा पुर्‍याउने ।

२.देशमा विद्यमान गरीबीलाई यस कार्यक्रम मार्फत केहि हद सम्म कम गर्न सघाऊ पुर्‍याउने ।

## लक्ष्यहरु

कर्णाली अञ्चलको यस जुम्ला जिल्लामा सफल खेति गरी आय आर्जन गर्न सकिने विभिन्न जडिबुटीको बेर्ना उत्पादन तथा वितरण गरी जडिबुटी खेति गर्न कृषकहरुलाई सहभागी गराउने लक्ष्य रहेको छ ।

## *(अ) पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु*

### <u>पकेट क्षेत्रमा जडिबुटी नर्सरी व्यवस्थापन, मर्मत संचालन</u>

पकेट क्षेत्रमा जडिबुटीहरुको जर्गेना, खेतिका लागि तालिम कार्यक्रमहरुका संगसंगै स्थानिय स्तर बाट नै जनसमुदाय लाई जडीबुटी पहिचान, महत्व, दिगो संरक्षण सम्बन्धी ज्ञान हस्तान्तरण गर्न जडिबुटी नर्सरी स्थापना आवश्यक देखिन्छ । जडिबुटी नर्सरी स्थापना गरी समुदाय लाई विरुवा वितरण गर्ने ।

पकेट क्षेत्रमा जडिबुटी नर्सरी व्यवस्थापन, मर्मत संचालनको लागि जुम्ला जिल्लाको पटमाराको वाता मा सहकार्यमा यस कार्यालयको आर्थिक सहयोग तथा जडिबुटी नर्सरी निर्माण सामाग्री वितरण गरि  जडिबुटी नर्सरी निर्माण काम सम्पन्न भएको।







**<u>जडिबुटी विरुवा उत्पादन (कार्यालय तथा फोकल टिमले छानेको प्रजाति)</u>**

अतिसः १८०००,डालेचुकः १०००, रोजमेरी ३०००, लौठसल्लाः ३०००, सुगन्धवालः ३०००, अन्य २००० गरि ३०,००० जडिबुटी विरुवा उत्पादन भइ वितरण कार्य भइरहेको











## संकटापूर्ण अवस्थामा पुगेका जडिबुटी प्रजातिको बासस्थान संरक्षण (in situ conservation) :

जुम्लामा अतिनै संकटापूर्ण अवस्थामा पुगेका बहुमूल्य जडिबुटीको वासस्थान संरक्षण गर्नु अत्यावश्यक देखिन्छ ।संकटापन्न वनस्पतिको अभिलेखिकरण गर्न योजना निर्माण गर्ने ।संकटापूर्ण जडिबुटी संरक्षण र व्यवस्थापन गर्न आवश्यक योजना निर्माण गरे बमोजिम ती जडिबुटीको प्राकृतिक वासस्थानमा पुगेर औसत मात्रा हेरी सोही स्थानमा संरक्षित क्षेत्र घोषणा गर्ने ।
संकटापूर्ण अवस्थामा पुगेका जडिबुटी प्रजातिको बासस्थान संरक्षण को लागी पटमाराको रिनिमा अभिमुखिकरण गोष्ठि सम्पन्न गरिएको तथा २ वटा सामुदायिक वनलाइ हेरालु खर्च तया संरक्षण सामाग्री र औजारहरु सहयोग प्रदान गर्ने काम सम्पन्न भएको।

जिल्ला वनस्पति कार्यालय, जुम्लाको स्किृत वार्षिक कार्यक्रमको जडिवुटी विकास कार्यक्रम अन्तरगतको **"सँकटापूर्ण अवस्थामा पुगेका जडिवुटीको वासस्तान सँरक्षण सम्वन्धि - अभिमुखीकरण कार्यक्रम" :** जुम्ला जिल्ला पट्मारा गा वि. स. मा रहेको ९ वटा सा.व. को पदाधिकारी तथा उपभोक्ताहरुलाई लक्षित गरी मिति २०७३/०५/२६ गते कार्यक्रमका सभापति जिल्ला वनस्पति कार्यालयका, जुम्लाका का.प्र. श्री मदन कुमार खड्का, प्रमुख अतिथ्यता र तपसिलको व्यक्तिहरुको उपस्थितिमा पटमारा गा.वि.स. वडा न. १, उर्थुमा आयोजना गरीयो ।








## जडिबुटी सूचना केन्द्र विकास (नमुना संकलन तथा व्यवस्थापन) :

जडिबुटी सूचना केन्द्र विकासका लागि जडिबुटी नमुना संकलन तथा प्रदर्शन तथा प्राविधिक ज्ञान कृषक सामु राख्नका लागि विविध सामग्रीहरु खरिद गर्नु आवश्यक देखिन्छ ।जडिबुटी सूचना केन्द्र विकासका लागि जडिबुटी नमुना संकलन तथा प्रदर्शन गर्नका लागी आवश्यक सामग्री खरिद गर्ने ।जडिबुटी सूचना केन्द्र विकासका लागि जडिबुटी नमुना संकलन तथा प्रदर्शन गर्नका लागी आवश्यक सामग्री खरिद गरी जडिबुटी नमुना संकलन गरी सूचना केन्द्रमा व्यवस्थापन गर्ने । यस कार्यक्रम अन्तर्गत सूचना सामग्री  खरिद गर्ने, खरिद गरि उपलब्ध सामग्री र कम्प्युटर सूचना कक्षलाई व्यवस्थित गरिएको । जडिबुटीको सुगन्धित तेल राख्ने भाँडा खरिद गरिएको Museum specimen को लागी Glasswares ,seed bag / seed box खरिद गरिएको । यसका अतिरिक्त जडिबुटी सम्बन्धि जानकारीमुलक ब्रोसियर सजावट गरिएको ।

जडिबुटी सूचना केन्द्र व्यवस्थापन को लागी पोस्टर तयारी, नोटवुक तयारी तथा सुचना कक्ष ढलान तथा कार्पेट हाल्ने काम सम्पन्न भएको।














## सिचांइ व्यवस्थापन

कार्यालय अगाडीको कुलोमा कल्भर्ट तथा डलान गर्ने कार्य सम्पन्न भएको।





## सोलार ड्रायर खरिद

**सोलार ड्रायर खरिद कार्य सम्पन्न भएको।**



## *चालु खर्च अन्तर्गतका कार्यक्रमह:*

**आयमूलक जडिबूटी खेती, प्रशारण तथा भन्डारण सम्बन्धी तालिम**

वनस्पतिहरुको जर्गेनाका लागि जडीबुटी पहिचान, महत्व, दिगो संरक्षण, खेती प्रविधि, नर्सरी व्यवस्थापनको ज्ञान हस्तान्तरण गरी जनचेतना जगाउन तथा व्यवसायिक तर्फ लम्कन तालिम कार्यक्रम आवश्यक देखिन्छ ।जडीबुटी संरक्षण, सम्बर्धन तथा खेती सम्बन्धी तालिम कार्यक्रम गर्ने ।विभिन्न सा.व., क.व. कृषक, व्यापारी हरुलाई पत्राचार गरी सैद्वान्तिक तथा प्रयोगात्मक विधि बाट तालिम संचालन गर्ने र नेपाल जैविक विविधता धनी भएको एउटा सानो भू-परिवेष्ठीत मुलुक हो । यहा रहेका लगभग ६५०० प्रजातीका फूलफुल्ने वनस्पतिहरु मध्य लगभग ७०० जति त जडिबुटी हरुमै पर्दछन् । कर्णाली अञ्चलको बारेमा भन्नुपर्दा नेपालको चौधवटा अञ्चलहरु मध्य यो सबैभन्दा विकट तथा दुर्गम अञ्चल हो । तर महत्वपूर्ण पाटो, यो क्षेत्र प्रकृतिक श्रोत सम्पदामा अत्यन्त धनी छ । यहा विभिन्न महत्वपूर्ण तथा मूल्यवान् जडिबुटी हरु पाइन्छन् , त्यसैले पनि यो क्षेत्र जडिबुटीको भण्डारको रुपमा चिनिन्छ । यहाको लगभग आधा जसो जनसंख्याको प्रमुख पेशाको रुपमा जडिबुटी संकलन तथा संकलित जडिबुटी हरुको वेच विखन रहेको छ । जडिबुटीहरु प्राकृतिक रुपवाटै जंगल तथा पाटन क्षेत्र हरु वाट संकलन गर्ने चलन व्यापक रहेको छ , जसको कारण जडिबुटीको उपलब्धतामा ह्रास आउन थालिसकेको छ । अझ, जुम्लाको सन्दर्भमा हेर्दा, सदरमुकाम लाई मोटर बाटोले छोएको लगभग एक बर्ष वित्न लाग्दा जडिबुटीको निकासी बढ्दै गएको छ जसले गर्दा प्रकृतिमा अझ बढी चाप पर्न गएको देखिन्छ । यस्तो अवस्थामा जडिबुटी संग प्रत्यक्ष रुपमै सरोकार राख्ने जनसमुदाय हरुलाई स्थलगत रुपमै  सैद्धान्तिक ज्ञानलाई भन्दा व्यवहारिक प्रयोगात्मक ज्ञानलाई प्राथमिकता दिई ( जडिबुटीको परिचय, महत्व, आबश्यकता, चुनौती, संकलन, भण्डारण व्यवस्थापन तथा खेती प्रविधि र खेतीको प्रयोगात्मक कक्षँमा बढि जोड) तालिम दिनु बढी समय सापेक्ष तथा अत्यन्त सान्दर्भिक रहेको छ ।

आयमुलक जडिवुटि खेति सम्बन्धि तालिमको उदेष्य जडिवुटि जन्य वनस्पतिबाट संचालित उद्यम विकास गरि आयआर्जनमा टेवा पुरयाउने, वनस्पति र जडिबूटी संरक्षण तथा सदुपयोग गरी जडिबूटी खेती विस्तार तथा व्यवस्थापनमा सहयोग पुरयाउन हो।

आयमूलक जडिबूटी खेती, प्रशारण तथा भन्डारण सम्बन्धी १ हप्ते तालिम कार्यकम पटमाराको उर्थुचौतरामा २० जनाको सहभागीतामा सम्पन्न गरिएको

आयमुलक जडिवुटि खेति सम्बन्धि तालिमको उदेष्य जडिवुटि जन्य वनस्पतिबाट संचालित उद्यम विकास गरि आयआर्जनमा टेवा पुरयाउने, वनस्पति र जडिबूटी संरक्षण तथा सदुपयोग गरी जडिबूटी खेती विस्तार तथा व्यवस्थापनमा सहयोग पुरयाउन हो।

यस कार्यकमको उपलवदि भनेको वनस्पति र जडिवुटिबाट संचालित उद्यम विकास गरि आयआर्जनमा टेवा पुरयाउने भन्ने हो।

उक्त तालिम एन. वि होटल एण्ड रेष्टुरेन्ट, पटमारा को भवनमा सम्पन्न भएको थियो।

उक्त कार्यकम जिल्ला वनस्पति कार्यालय, जुम्लाका कार्यालय प्रमुख श्री मदन कुमार खड्का को अध्यक्षतामा सम्पन्न भएको थियो,  तालिमको उदघाटन कार्यालय प्रमुख श्री मदन कुमार खड्को ज्यू ले  व्यानर वाचन गरि गर्नुभएको थियो भने त्यस  कार्यकम लाइ जिल्ला वनस्पति कार्यालय, जुम्लाका असिस्टेन्ट वोटानिस्ट श्री चन्द्रमोहन गुर्मछान ले संचालन गर्नुभएको थियो।

यो तालिम मिति २०७३/०५/२८ देखि २०७३/०६/०३ गते सम्म ७ दिन भरी संचालन भएको थियो र १७ जना सा.व. र वनस्पति, जडिबूटी समुहका प्रतिनिधि हरु, जडिवुटि कृषकको संलग्नता रहेको थियो।




यो तालिममा जिल्ला वनस्पति कार्यालय, जुम्लाका कार्यालय प्रमुख श्री मदन कुमार खड्का ले वनस्पति विभाग र विभागबाट प्राथमिकता प्राप्त जडिवुटी, जिल्ला वनस्पति कार्यालय जुम्लाको परिचय, नेपालको खेति तथा अनुसन्धानका लागि प्राथमिकता क्रममा परेका जडिबुटीहरु, नेपालको आर्थिक विकासका लागि  प्राथमिकता प्राप्त जडिबुटीहरु, जडिबुटी तथा तिनीहरुको संकलन  प्रविधि र उपचार, गैर काष्ठ वन पैदावारको दीगो संकलन, जडिबुटी (MAPs), मूल्य अभिबृद्धि Value Addition, गैरकाष्ठ वन पैदावारसँग सम्वन्धित वर्तमान ऐन, नियम र नीतिहरु, अकरकांडा, गुच्छीच्याउ, पाँचऔंल, केशर, यार्सागुम्बा, चिराईतो, जानकारि गराउनु भएको थियो, साथै असिस्टेन्ट वोटानिस्ट श्री चन्द्रमोहन गुर्मछान ले जडिवुटि हरुको नर्सरी विधि वारे र अतिस, वोझो, जटामसी, कुटकी, लघुपत्र, पदमचाल, पाषणवेद, सुगन्धवाल, लौंठसल्ला, स्थानीय वनस्पतिहरुद्धारा प्राथामिक उपचार वारेमा  जानकारि गराउनु भएको थियो।

| मिति | समय | कार्यक्रम |
|---|---|---|
| २०७३/०५/२८ | १० :३० - ११:०० | नाम दर्ता, स्वागत मन्तव्य |
| | ११:०० - ११:१५ | तालिम कार्यक्रमको उदघाटन |
| | ११:१५ - ११:३० | परिचय, तालिम नर्मस, छलफल |
| | ११ :३० - १२:३० | वन ऐन, नियमावली, गैर काष्ठ वन पैदावार निति जानकारी |
| | १२ :३० - १:३० | वनस्पति विभाग र जिल्ला वनस्पति कार्यालय, जुम्ला को परिचय |
| | १:३० - २:०० | खाजा |
| | २:०० - ३:०० | विभागबाट प्राथमिकता प्राप्त जडिवुटी बारे जानकारी |
| | ३:०० - ४:०० | जडिवुटी प्रयोग खेती जानकारी |
| २०७३/०५/२९ | ११:०० - १२:३० | जडिवुटी प्रयोग खेती जानकारी |
| | १२:३० - १ :३० | जडिवुटी दिगो संकलन बारे जानकारी |
| | १ :३० - २:०० | खाजा |
| | २ :०० - ३:०० | जडिवुटी दिगो संकलन बारे जानकारी |
| | ३:०० - ४:०० | जडिवुटी संकलन, भण्डारण, वारे जानकारी |
| २०७३/०५/३० | ११:०० - १२:०० | जडिवुटी ग्रडिंग, प्याकेजिंग वारे जानकारी |
| | १२:०० - १ :०० | खाजा |
| | १ :०० - १:३० | जडिवुटीको प्रशोधन  बारे जानकारी |

| | | |
|---|---|---|
| | १ :३० - २:३० | जडिवुटी नर्सरी प्रविधि वारेमा जानकारी |
| | २:३० - ४:०० | जटामसी वारेमा जानकारी |
| २०७३/०५/३१ | ११:०० - १२:३० | पाँचऔंले वारेमा जानकारी |
| | १२:३० - १ :३० | यार्सागुम्बा वारेमा जानकारी |
| | १ :३० - २:०० | खाजा |
| | २ :०० - ३:०० | चिराईतो वारेमा जानकारी |
| | ३:०० - ४:०० | अतिस वारेमा जानकारी |
| २०७३/०६/०१ | ११:०० - १२:३० | कुटकी खेती जानकारी |
| | १२:३० - १ :३० | पदमचाल वारेमा जानकारी |
| | १ :३० - २:०० | खाजा |
| | २ :०० - ३:०० | पाषणवेद वारेमा जानकारी |
| | ३:०० - ४:०० | वन लसुन वारेमा जानकारी |
| २०७३/०६/०२ | ११:०० - १२:०० | लौठसल्ला बारे जानकारी |
| | १२:०० - १ :०० | लघुपत्र वारेमा जानकारी |
| | १ :०० - १:३० | सतुवा वारेमा जानकारी |
| | १ :३० - २:३० | वोझो वारेमा जानकारी |
| | २:३० - ३:३० | केशर वारेमा जानकारी |
| | ३:३० - ४:३० | सुगन्धवाल वारेमा जानकारी |
| २०७३/०६/०३ | ११:०० - १२:०० | गुच्छीच्याउ बारे जानकारी |
| | १२:०० - १ :०० | अकरकांडा बारे जानकारी |
| | १ :०० - १:३० | जडिवुटी तथा अन्य गैरकाष्ठ व्यवस्थापन बारे जानकारी |
| | १ :३० - २:३० | स्थानीय वनस्पतिहरुद्धारा प्राथामिक उपचार वारेमा  जानकारि गराउनु भएको थियो। |
| | २:३० - ३:३० | तालिम मुल्यांकन |
| | ३:३० - ४:३० | प्रमाण पत्र वितरण तथा समापन |

तालिम सेतो पाटि, मार्कर, व्राउन पेपर, मास्किग टेप, जडिवुटिहरुको नमुनाहरु को प्रयोग गरी सामुहिक छलफल, मष्तिसक मन्थन, लेक्चर विधि वाट कक्षा संचालन गरिएको थियो।





अन्तमा उक्त तालिममा सहभागीहरुको तर्फवाट श्री नर वहादुर वुढा ले मन्तव्य व्यक्त गरि, अध्यक्ष जिल्ला वनस्पति कार्यालय, जुम्लाका कार्यालय प्रमुख श्री मदन कुमार खड्का वाट समापन भएको थियो।




*आयमुलक जडिवुटि खेति तथा प्रशोधन र भण्डारण सम्बन्धि तालिम का सहभागीहरुको सामुहिक फोटो*

## *सहभागीहरुको नामावली*

| क.सं | नाम थर | संघ, संस्था, ठेगना | कैफियत |
|---|---|---|---|
| १ | कालआखे महतारा | पटमारा, ३, जुम्ला | |
| २ | सुर्यदेवी महतारा | पटमारा, ३, जुम्ला | |
| ३ | भग महतारा | पटमारा, ३, जुम्ला | |
| ४ | पुर्णकली महतारा | पटमारा, ३, जुम्ला | |
| ५ | कमला देवी खडका | पटमारा, ३, जुम्ला | |
| ६ | उमा खडका | पटमारा, ३, जुम्ला | |
| ७ | चुटकला खडका | पटमारा, ३, जुम्ला | |
| ८ | पुर्णकली वोहोरा | पटमारा, ३, जुम्ला | |
| ९ | गोविदरा महतारा | पटमारा, ३, जुम्ला | |
| १० | वाचु सुनार | पटमारा, ३, जुम्ला | |
| ११ | पुता विष्ट | पटमारा, ३, जुम्ला | |
| १२ | रुपकली विष्ट | पटमारा, ३, जुम्ला | |
| १३ | उजेली विष्ट | पटमारा, ३, जुम्ला | |
| १४ | वसनति रोकाया | पटमारा, ३, जुम्ला | |
| १५ | मथु थापा | पटमारा, ३, जुम्ला | |
| १६ | नर व. वुढा | पटमारा, ३, जुम्ला | |
| १७ | सितली वोहोरा | पटमारा, ३, जुम्ला | |
| १८ | मदन कुमार खडका | जिल्ला वनस्पति कार्यालय, जुम्ला | |
| १९ | चन्द्रमोहन गुर्मछान | जिल्ला वनस्पति कार्यालय, जुम्ला | |

## जडिबूटी खेती विस्तार तथा व्यवस्थापन सम्बन्धि फिल्ड स्तरीय कोचिङ्ग

जडिबुटी खेति विस्तार तथा व्यवस्थापनको लागी पकेट क्षेत्रमै गएर फिल्ड स्तरमै कोचिङ्ग सञ्चालन गरी ज्ञान हस्तान्तरण गर्नुपर्ने देखिन्छ । जडिवुटि खेति विस्तार कसरी गर्न सकिन्छ तथा पाटनमा पाईने जडिवुटिहरुको घरेलुकरण कसरी गर्ने भन्ने सम्बन्धमा विभिन्न सामुदायिक वन , कवुलियती वन एवं जडिवुटि कृषक र नर्सरी फर्मका व्यक्तिहरु संग को अभिमुखीकरण एवं सचेतनामुलक कार्यक्रम उल्लेखित ठाउँहरुमा गई जडिवुटि भएका र रोपन गरिने स्थान अर्थात फिल्ड स्तरमै गई कोचिङ संचालन गरिएको थियो । जिल्ला वनस्पति कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जडिवुटी खेती विस्तार तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम दुई फरक गाविस अर्न्तगतका गाउँहरुमा संचालन गरिएको हुँदा त्यहाका जनता केहि हद सम्म सकारात्मक प्रभाव पर्ने देखिन्छ । कर्णाली अञ्चल र त्यसमा पनि जुम्ला जिल्लाको प्रमुख आयश्रोतको रुपमा जडिवुटिहरु नै रहेको सन्दर्भमा र संग संगै पाटनन क्षेत्रमा पाईने जडिवुटिहरुको अनियन्त्रीत सङकलनले गर्दा जडिबुटिको दिगो व्यवस्थापनमा धेरै समस्या आएको देखिन्छ ।

जिल्ला वनस्पति कार्यालय, जुम्ला को आयोजनामा फिल्ड स्तरीय कोचिङ्गको लागि धिताचौर तथा भण्डारीवाढा जुम्लामा अभिमुखिकरण गोष्ठि सम्पन्न गरिएको

**पृष्ठभूमी :**

जडिवुटीको भण्डार मानिने कर्णाली अञ्चलको जुम्लामा रहेको जिल्ला वनस्पति कार्यालयले आफ्नो स्थापना काल देखि नै जडिवुडि तथा अन्य महत्वपूर्ण वनस्पतिहरुको सर्वेक्षण, संरक्षण र दिगो व्यवस्थापन तथा उपयोगको बारेमा काम गर्दै आइरहेको सन्दर्भ सबैलाई सर्वविदितै छ । यसैगरी जिल्लाको विभिन्न क्षेत्रहरुमा जडिवुटिको खेति प्रविधि विस्तार गर्ने उद्देश्यका साथ तालिम तथा उद्यम विकास, अन्तरक्रिया, जडिवुटीको घरेलुकरण खेतीप्रविधि अनुसन्धान, जडिवुटी समूह, जडिवुटी सुचना केन्द्र, जडिवुटी प्रदर्शनी प्लट तथा वनस्पति उद्यान, वनस्पति श्रोतको उपयोगी ज्ञानको अभिलेखिकरणको माध्यमबाट जडिवुटि कृषक वा सम्बद्ध सरोकार वालालाई सु-सुचित पार्ने काम पनि भइरहेको छ । साथै विशेषगरी प्राकृतिक वासस्थानमा वहुमूल्य जडिवुटी लोपहुदै गईरहेको अवस्थामा जैविक श्रोतको वँश सँरक्षण, प्राकृतिक भौगोलिक संरचना, हावापानीमा आर्थिक उर्पाजनका प्रमुख वैकल्पिक श्रोत तथा आधुनिक स्वास्थ्य उपचारका पहुँचबाट टाढा रहेका मानिसहरुलाई स्थानिय स्तरमै स्थानीय वनस्पतिको प्रयोग गरी प्राथामिक स्वास्थ्य उपचार गराउन पनि जडिवुटिको खेति प्रविधिको विकासको आवश्यकता अत्यन्त सान्दर्भिक देखिन्छ ।

**उद्देश्य तथा अपेक्षित उपलब्धी :**

क्षेत्र अनुसार स्थानीय स्तरमा हुर्कन सक्ने व्यापारीक महत्वको वनस्पति एक प्रजातीको विरुवा रोपणवाट केही वर्ष पछि आय आर्जनको दिगो स्रोतको रुपमा विकसति गराउने । जडिवुटीजन्य वनस्पतिको सँरक्षण, सदुपोग तथा खेती विस्तार भई आय आर्जनमा वृद्धि हुन जाने ।

**जडिवुटी खेती विस्तार तथा व्यवस्थापन सम्वन्धि फिल्डस्तरीय कोचिङ्ग कार्यकम :**

जिल्ला वनस्पति कार्यालय, जुम्लाको स्किृत वार्षिक कार्यकमको जडिवुटी विकास कार्यकम अन्तरगतको **"जडिवुटी खेती विस्तार तथा व्यवस्थापन सम्वन्धि फिल्डस्तरीय कोचिङ्ग:** जुम्ला जिल्ला देपालगाँउ गा वि. स. वडा न.१ धितगाँउमा मिति २०७३/०५/१४ गते कार्यकमका सभापति जिल्ला वनस्पति कार्यलयका, जुम्लाका का.प्र. श्री मदन कुमार खड्का, र तपसिलमा व्यक्तिहरुको उपसथितिमा आयोजना गरीयो ।





**फिल्डस्तरीय कोचिङ्ग :**

**"जडिवुटी खेती विस्तार तथा व्यवस्थापन सम्वन्धि फिल्डस्तरीय कोचिङ्ग "** जुम्ला जिल्ला देपालगाँउ गा वि. स. वडा न. १ धितागाँउमा मिति २०७३/०५/१४ गते फिल्डस्तरीय अभिमुखीकरण कक्षा सञ्चालन गरीयो । अभिमुखीकरण कक्षामा जिल्ला वनस्पति कार्यलय, जुम्लाको कार्यलय प्रमुख श्री मदन कुमार खड्काले वनस्पति विभाग र जिल्ला वनस्पति कार्यालय, जुम्ला को परिचय, आयमुलक जडिवुटी खेती सम्वन्धि, जडिवुटीको दिगो सँकलन, भण्डारण , प्रशोधन तथा जडिवुटीको दिगो व्यवस्थापन को वारेमा र असिष्टेण्ट वोटानिष्ट श्री चन्द्र मोहन गुर्मछान ले जडिवुटी नर्सरी प्रविधि ,जडिवुटि विरुवाको प्रसारण विधिहरु र अतिस, सुगनधवाल, पदमचाल, जटामसी खेती प्रविधि वारेमा कक्षा सञ्चालन गर्नु भयो ।




**तालिका सहभागी प्रशिक्षक, संयोजक तथा सहयोगी विवरण :**

| **क्र.स** | **नाम थर** | **तालिममा प्रमुख भूमिका** | **पद** | **कार्यालय** |
|---|---|---|---|---|
| १ | श्री मदन कुमार खड्का | प्रशिक्षण तथा अगुवाइ | का प्र | जि.वनस्पति का.जुम्ला |
| २ | श्री चन्द्रमोहन गुर्मछान | प्रशिक्षण | अ.वो. | जि.वनस्पति का.जुम्ला |
| ३ | श्री नवानन्द चौलागाई | तालिम सहयोगी | का.स. | जि.वनस्पति का.जुम्ला |

**कार्यक्रम तालिका**

| **मिति** | **समय** | **कार्यक्रम** |
|---|---|---|
| २०७३/०५/१५ | ११:०० - १२:३० | वनस्पति विभाग र जिल्ला वनस्पति कार्यालय, जुम्ला को परिचय, आयमुलक जडिवुटी खेती सम्वन्धि, |
| | १२:३० - १ :३० | जडिवुटीको दिगो सँकलन, भण्डारण , प्रशोधन तथा जडिवुटीको दिगो व्यवस्थापन |
| | १ :३० - २:०० | खाजा |
| | २ :०० - ३:०० | जडिवुटी नर्सरी प्रविधि वारेमा जानकारी ,जडिवुटि विरुवा प्रसारण विधिहरु |
| | ३:०० - ४:०० | अतिस, कुटकी, लौठ सल्ला, सुगनधवाल, जटामसी खेती प्रविधि |

**सहभागीहरु**

| **क स** | **नाम** | **ठेगाना/समूह/जडिवुटी कृषक** | **क स** | **नाम** | **ठेगाना/समूह/जडिवुटी कृषक** |
|---|---|---|---|---|---|
| १ | भक्ति प्रसाद धिताल | देपालगाँउ १, जुम्ला | १३ | **प्रयाग दत धिताल** | देपालगाँउ १, जुम्ला |
| २ | प्युला धिताल | देपालगाँउ १, जुम्ला | १४ | मिता लक्ष्मी धिताल | देपालगाँउ १, जुम्ला |
| ३ | नविना धिताल | देपालगाँउ १, जुम्ला | १५ | विष्णु माया धिताल | देपालगाँउ १, जुम्ला |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | पार्वति न्यौपाने | देपालगाँउ १, जुम्ला | १६ | धन प्रसाद धिताल | देपालगाँउ १, जुम्ला |
| ५ | झापु धिताल | देपालगाँउ १, जुम्ला | १७ | नरेन्द्र प्रसाद धिताल | देपालगाँउ १, जुम्ला |
| ६ | गंगा लक्ष्मी धिताल | देपालगाँउ १, जुम्ला | १८ | नवानन्द चौलागाइ | देपालगाँउ १, जुम्ला |
| ७ | चन्द्रमाया धिताल | देपालगाँउ १, जुम्ला | १९ | मितानन्द न्यौपाने | देपालगाँउ १, जुम्ला |
| ८ | राज्य लक्ष्मी धिताल | देपालगाँउ १, जुम्ला | २० | धनकृष्ण न्यौपाने | देपालगाँउ १, जुम्ला |
| ९ | रिठु धिताल | देपालगाँउ १, जुम्ला | २१ | राजु धिताल | देपालगाँउ १, जुम्ला |
| १० | गोमा गिरी | देपालगाँउ १, जुम्ला | २२ | गंगा प्रसाद धिताल | देपालगाँउ १, जुम्ला |
| १२ | यशोधा धिताल | देपालगाँउ १, जुम्ला | २३ | भिम दत आचार्य | जिल्ला वनस्पति कार्यालय, जुम्ला |
| | | | २४ | मदन कुमार खडका | जिल्ला वनस्पति कार्यालय, जुम्ला |
| | | | २५ | चन्द्र मोहन गुर्मछान | जिल्ला वनस्पति कार्यालय, जुम्ला |




जिल्ला वनस्पति कार्यालय, जुम्लाको स्कृित वार्षिक कार्यकमको जडिवुटी विकास कार्यक्रम अन्तरगतको **"जडिवुटी खेती विस्तार तथा व्यवस्थापन सम्वन्धि फिल्डस्तरीय कोचिङ्ग:** जुम्ला जिल्ला मा मिति २०७३/०५/२७ गते कार्यकमका सभापति जिल्ला वनस्पति कार्यलयका, जुम्लाका का.प्र. श्री मदन कुमार खड्का, र तपसिलमा व्यक्तिहरुको उपसथितिमा आयोजना गरीयो ।




**"जडिवुटी खेती विस्तार तथा व्यवस्थापन सम्वन्धि फिल्डस्तरीय कोचिङ्ग "** जुम्ला जिल्ला मा मिति २०७३/०५/२७ गते फिल्डस्तरीय अभिमुखीकरण कक्षा सञ्चालन गरीयो । अभिमुखीकरण कक्षामा जिल्ला वनस्पति कार्यलय, जुम्लाको कार्यलय प्रमुख श्री मदन कुमार खड्काले वनस्पति विभाग र जिल्ला वनस्पति कार्यालय, जुम्ला को परिचय, आयमुलक जडिवुटी खेती सम्वन्धि, जडिवुटीको दिगो सँकलन, भण्डारण , प्रशोधन तथा जडिवुटीको दिगो व्यवस्थापन को वारेमा र असिष्टेण्ट वोटानिष्ट श्री चन्द्र मोहन गुर्मछान ले जडिवुटी नर्सरी प्रविधि ,जडिवुटि विरुवाको प्रसारण विधिहरु र अतिस, सुगनधवाल, पदमचाल, जटामसी खेती प्रविधि वारेमा कक्षा सञ्चालन गर्नु भयो ।




**तालिका सहभागी प्रशिक्षक, संयोजक तथा सहयोगी विवरण :**

| क्र.स | नाम थर | तालिममा प्रमुख भूमिका | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | श्री मदन कुमार खड्का | प्रशिक्षण तथा अगुवाइ | का प्र | जि.वनस्पति का.जुम्ला |
| २ | श्री चन्द्रमोहन गुर्मछान | प्रशिक्षण | अ.वो. | जि.वनस्पति का.जुम्ला |
| ३ | श्री दत वहादुर अधिकारी | तालिम सहयोगी | का.स. | जि.वनस्पति का.जुम्ला |

**कार्यक्रम तालिका**

| मिति | समय | कार्यक्रम |
|---|---|---|
| २०७३/०५/२७ | ११:०० - १२:३० | वनस्पति विभाग र जिल्ला वनस्पति कार्यालय, जुम्ला को परिचय, आयमुलक जडिवुटी खेती सम्वन्धि, |
| | १२:३० - १ :३० | जडिवुटीको दिगो सँकलन, भण्डारण , प्रशोधन तथा जडिवुटीको दिगो व्यवस्थापन |
| | १ :३० - २:०० | खाजा |
| | २ :०० - ३:०० | जडिवुटी नर्सरी प्रविधि वारेमा जानकारी ,जडिवुटि विरुवा प्रसारण विधिहरु |

| | | |
|---|---|---|
| | ३:०० - ४:०० | अतिस, कुटकी, लौठ सल्ला, सुगनधवाल, जटामसी खेती प्रविधि |

**सहभागीहरु**

| क स | नाम | ठेगाना/समूह/जडिवुटी कृषक | क स | नाम | ठेगाना/समूह/जडिवुटी कृषक |
|---|---|---|---|---|---|
| १ | कृष्णमाया महतारा | आचार्यवाडा, जुम्ला | ११ | जमुना भण्डारी | देपालगाँउ १, जुम्ला |
| २ | पार्वति थेइयु | आचार्यवाडा, जुम्ला | १२ | पुष्पा स्वार | भण्डारीवाडा, जुम्ला |
| ३ | सरस्वती स्वार | भण्डारीवाडा, जुम्ला | १३ | रामदेवी स्वार | भण्डारीवाडा, जुम्ला |
| ४ | छैया थेइयु | आचार्यवाडा, जुम्ला | १४ | छिता भण्डारी | भण्डारीवाडा, जुम्ला |
| ५ | विष्णु थेइयु | आचार्यवाडा, जुम्ला | १५ | लग्नमाया खत्री | आचार्यवाडा, जुम्ला |
| ६ | प्रतिभा थेइयु | आचार्यवाडा, जुम्ला | १६ | सरला थेइयु | भण्डारीवाडा, जुम्ला |
| ७ | नानी थेइयु | आचार्यवाडा, जुम्ला | १७ | मदन कुमार खडका | जिल्ला वनस्पति कार्यालय, जुम्ला |
| ८ | हरि देवी रावत | आचार्यवाडा, जुम्ला | १८ | चन्द्र मोहन गुर्मछान | जिल्ला वनस्पति कार्यालय, जुम्ला |
| ९ | लक्ष्मीकन्या थेइयु | आचार्यवाडा, जुम्ला | | | |
| १० | सत्य देवी थेइयु | आचार्यवाडा, जुम्ला | | | |



## जडिबूटी दिगो संरक्षण तथा संकलन सम्वन्धि फिल्डस्तरमा संकलनकर्ताहरुसग अन्तरक्रिया गोष्ठी

जडिबूटी दिगो संरक्षण तथा संकलन सम्वन्धि फिल्डस्तरमा संकलनकर्ताहरुसग अन्तरक्रिया गोष्ठी सञ्चालन गरी जडिबुटी र सो सँग सम्बन्धित विषयवस्तुमा एकजुट भई समन्वय गर्नु आवश्यक देखिन्छ ।

यो अन्तरक्रिया/गोष्ठी मिति २०७३/१२/१३ मा ३७ जनाको सहभागितामा पटमारा जुम्लामा सम्पन्न गरिएको थियो जडिबूटी दिगो संरक्षण तथा संकलन सम्वन्धि फिल्डस्तरमा संकलनकर्ताहरुसग अन्तरक्रिया गोष्ठी को उदेष्य

क.जडिबुटी सँग सरोकारवाला सरकारी तथा गैर सरकारी निकाय,जडिबुटी कृषक,जडिबुटी व्यापारी बीच छलफल गर्ने र जडिबुटी खेती विस्तार तथा बजारीकरणमा ठोस निष्कर्ष निकाल्ने ।
ख.सरोकारवाला निकाय र जडिबुटी कृषक बीच नजिकको सम्बन्ध स्थापना गर्ने ।
ग.जडिबुटी र जिविकोपार्जनको सम्बन्ध बारे छलफल गर्ने ।
घ.जडिबुटी सम्बन्धि कानूनी प्रावधान बारे छलफल गर्ने ।
ङ जडिबुटीको स्थानीय प्रयोग बारे छलफल गर्ने ।
च.नेपालमा जैविक विविधता,वनस्पति विभागको प्राथमिकतामा परेका जडिबुटीहरु तथा जुम्ला जिल्लामा जडिबुटी खेतिको अवस्था विषयमा छलफल गर्ने ।
छ.जुम्ला जिल्लामा भइरहेको जडिबुटी खेतीको अवस्था बारे जानकारी लिने तथा जडिबुटी कृषकहरुले भाल्नुपरेका समस्याहरु समाधान गर्ने तर्फ ध्यान केन्द्रित गराउने ।

यस कार्यक्रमको उपलब्दि भनेको
क.वनस्पति कार्यालयको कार्यक्षेत्रवारे जानकारी हुनेछ ।
ख.जडिबुटी सम्बन्धि कानूनी प्रावधान बारे वृहत छलफल हुनेछ ।
ग.सरोकारवाला निकायहरु बीच समन्वय बढ्ने कार्यमा प्रभावकारिता आउने ।
घ.सहभागीहरुले वनस्पति विभागले प्राथमिकतामा राखेका जडिबुटी सम्बन्धि जानकारी लिनेछन् ।
ङ जडिबुटीको विषेशता र महत्वको बारेमा जानकारी हाँसिल गरेका हुनेछन् ।
च.भावी दिनको लागि आवश्यक रणनिति तय हुने ।

उक्त कार्यक्रम जिल्ला वनस्पति कार्यालय, जुम्लाका निमित कार्यालय प्रमुख श्री चन्द्रमोहन गुर्मछान को अध्यक्षतामा सम्पन्न भएको थियो, तालिमको उदघाटन निमित कार्यालय प्रमुख श्री चन्द्रमोहन गुर्मछान ज्यू ले व्यानर वाचन गरि गर्नुभएको थियो भने त्यस कार्यक्रम लाइ जिल्ला वनस्पति कार्यालय, जुम्लाका मेकानिकल सुपरभाइजर श्री वसन्ता पौडयाल ले संचालन गर्नुभएको थियो।

यो गोष्ठिमा जिल्ला वनस्पति कार्यालय, जुम्लाका कार्यालय निमित कार्यालय प्रमुख श्री चन्द्रमोहन गुर्मछान ले वनस्पति विभाग र विभागबाट प्राथमिकता प्राप्त जडिवुटी, जिल्ला वनस्पति कार्यालय जुम्लाको परिचय, नेपालको खेति तथा अनुसन्धानका लागि प्राथमिकता क्रममा परेका जडिबुटीहरु, नेपालको आर्थिक विकासका लागि प्राथमिकता प्राप्त जडिबुटीहरु, जडिबुटी तथा तिनीहरुको संकलन प्रविधि र उपचार, गैर काष्ठ वन पैदावारको दीगो संकलन, जडिबुटी (MAPs), मूल्य अभिबृद्धि Value Addition, गैरकाष्ठ वन पैदावारसँग सम्वन्धित वर्तमान ऐन, नियम र नीतिहरु, जानकारि गराउनु भएको थियो, साथै असिस्टेन्ट केमिष्ट श्री सरिता कुमारी पौडेल ले जडिवुटि हरुको नर्सरी विधि वारे स्थानीय वनस्पतिहरुद्धारा प्राथामिक उपचार वारेमा जानकारि गराउनु भएको थियो।

| मिति | समय | कार्यक्रम |
|---|---|---|
| २०७३/१२/१३ | १० :३० - ११:०० | नाम दर्ता, स्वागत मन्तव्य |
| | | कार्यकमको उदघाटन |
| | | परिचय, नर्मस, छलफल |
| | ११ :०० - १२:३० | वन ऐन, नियमावली, गैर काष्ठ वन पैदावार निति जानकारी |
| | | वनस्पति विभाग र जिल्ला वनस्पति कार्यालय, जुम्ला को परिचय |
| | १२:३० - १ :३० | विभागबाट प्राथमिकता प्राप्त जडिवुटी बारे जानकारी |
| | | जडिवुटी प्रयोग खेती जानकारी |
| | | जडिवुटी दिगो संकलन बारे जानकारी |
| | १ :३० - २:०० | खाजा |
| | २ :०० - ३:०० | जडिवुटी दिगो संकलन बारे जानकारी |
| | | जडिवुटी संकलन, भण्डारण, वारे जानकारी |
| | | जडिवुटी ग्रडिंग, प्याकेजिंग वारे जानकारी |
| | ३ :०० - ४:३० | जडिवुटीको प्रशोधन बारे जानकारी |

| | | |
|---|---|---|
| | | जडिवुटी नर्सरी प्रविधि वारेमा जानकारी |
| | | जडिवुटी तथा अन्य गैरकाष्ठ व्यवस्थापन बारे जानकारी |
| | | स्थानीय वनस्पतिहरुद्धारा प्राथामिक उपचार वारेमा जानकारि गराउनु भएको थियो। |

गोष्ठि सेतो पाटि, मार्कर, व्राउन पेपर, मार्सकिग टेप, जडिवुटिहरुको नमुनाहरु को प्रयोग गरी सामुहिक छलफल, मष्तिसक मन्थन, लेक्चर विधि वाट कक्षा संचालन गरिएको थियो।

## स्थानिय रेडियोवाट जडिबूटीको दिगो संकलन, संरक्षण, व्यवस्थापन, खेती विस्तार तथा स्थानीय बजारको मुल्य सम्वन्धि चेतनामुलक कार्यक्रम प्रशारण

जडिबुटीको संरक्षण, दिगो संकलन, व्यवस्थापन, खेति विस्तार तथा स्थानिय बजारको मूल्य सम्बन्धि चेतनामुलक कार्यक्रम प्रसारण तथा वनस्पति संरक्षणका प्रयाशहरु, अवसर, चुनौती तथा बजारीकरण, खेतीमा समस्या, खेती प्रविधि, भण्डारण तथा व्यवस्थापन विषयमा रेडियो कार्यक्रमको प्रसारण गरी जनचेतना जगाउने ।वनस्पति, जडीबुटी सम्बन्धी रेडियो कार्यक्रम प्रसारण गर्ने । रेडियो नारी आवाज, रेडियो माउन्टेन र रेडियो कर्णाली स्थानिय रेडियो संगको सहकार्यमा कार्यक्रम सम्पन्न गरियो ।

## पकेट क्षेत्रका सामुदायिक, सार्वजानिक, कृषि वन समुहका जडिवुटि उधमी, सहकारी सदस्य र सम्वन्धित जडिवुटि तथा आयमुलक खेती र वन उधम सम्वन्धि अवलोकन भ्रमण

जुम्ला जिल्लाको चन्दननाथ न. पा को हिमाली जडिवुटी उधोग तथा गुठिचौर गा. पा. को दिलक फलफूल तथा जडिवुटी नर्सरी मा ३० जना सहभागीलाइ अवलोकन भ्रमण को कार्य सम्पन्न भएको।











## प्रचार प्रसार सामग्री उत्पादन

३० प्रजाति का जडिवुटिको पोस्टरहरु तयार गरिएको।







## विद्यालयहरुमा जडिबुटी सम्बन्धी जनचेतना कार्यक्रम

नेपाल क्षेत्रफलको हिसाबले सानो भएता पनि जैविक बिविधतामा धनी देश हो । यहाँ पाइने लगभग ६५०० फूल फुल्ने वनस्पतिहरु मध्ये करीब ६५० वनस्पतिहरुको औषधीय गूण रहेको छ । समथर तराई देखि बिश्वको सर्बोच्च शिखर सगरमाथा नेपालमै पर्दछ । नेपालको बिभिन्न भ–भागमा बिभिन्न किसिमको हावापानी पाईने भएकोले ठाऊँ अनुसार फरक फरक किसिमका वोटविरुवाहरु पाईन्छन । कर्णाली अञ्चल जडिबुटीको लागि अत्यन्त धनी मानिन्छ । यहाँ बहुमूल्य जडिबुटीहरु पाईन्छन । आर्थिकरुपले महत्वपूर्ण जडिबुटीहरु कर्णाली क्षेत्रमा पाइने र यिनिहरुको खेति प्रबिधि समेत विकास भई सकेको छ । जुम्ला जिल्लामा जडिबुटी तथा गैरकष्ठ वनजन्य श्रोतहरु तुलनात्मक लाभको दृष्टिले समेत आय आर्जनको माध्यम भएकोले व्यबसायिकरुपमा खेति गर्नुपर्ने जरुरी छ । यिनै कुरालाई मध्यनजर गर्दै सामुदायिक विद्यालयमा जडिबुटी बाटिकाको माध्यमबाट समग्र बिद्यार्थी मार्फत यी जडिबुटीको चिनारी गराई संरक्षण गर्नु पर्दछ ।

**उद्देश्य**

नेपालमा पाईने अधिकांश जडिबुटीको व्यापारिक तबरले कारोबार दिन प्रतिदिन बढ्दै गईरहेको छ । जसले गर्दा प्राकृतिक रुपमा पाईने यी जडिबुटी लोप हूने अबस्था सिर्जना भएको छ । यिनै कुरालाई दृष्टिगत गरी जडिबुटीको संरक्षण र दीगो व्यवस्थापनमा टेबा पुर्‍यउनु यस कार्यक्रमको उद्देश्य रहेको छ ।

आजको बिद्यार्थी भोलिको सचेत नागरिक हो । बिद्यालयमा स्थापना गरिएको जडिबुटी बाटिकाको माध्यमबाट उसले बिचिन्न किसिमको ज्ञान हासिल गर्दछ र सो ज्ञान गाऊँमा अभिभावकसँग पनि छलफल गरी जडिबुटीको सजिलै खेतिगर्न सकिने र यसको संकलन र दीगो व्यबस्थापनमा समेत टेबा पुग्नुको साथै बिद्यार्थीलाई जडिबुटीको बारेमा ज्ञान दिई, जडिबुटीको खेति प्रक्रियामा स्वयं सहभागी गराई कालान्तरमा जडिबुटीको संरक्षण गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ ।

**कार्यबिधि**

यो कार्यक्रम सञ्चालनको लागि ४ वटा विद्यालय छनौट गरिएको छ । ति विधालयमा विधार्थीहरुलाइ कुटकी, जटामसी, सुगन्धवाल, पाषणबेद, अतिस, अकरकांरा, बोंझो, निनाईजडी, चिराईतो, खिराउले अतिस, पदमचाल, सुगन्धवाल, पुदिना, मेन्था, जिम्बु, अकरकांरा, बोंझो, पाषणबेद, लौंठसल्ला लगाएतका जडिबुटीहरु को वारेमा बिद्यालयका शिक्षक, शिक्षिका र विद्यार्थीहरुलाइ जानकारी गराइएको थियो ।

विद्यालयहरुमा जडिबुटी सम्बन्धी जनचेतना कार्यक्रम जुम्लाका ४ वटा विभिन्न विद्यालयहरु श्री सत्यवादी माध्यमिक विधालय, दशौदी, जुम्ला, श्री कनकासुन्दरी माध्यमिक विधालय, लुडकु, जुम्ला, श्री सरस्वती माध्यमिक विधालय, रिनी, जुम्ला, श्री नेत्र ज्योती माध्यमिक विधालय, हाकु, जुम्ला, मा जडिबुटी सम्बन्धी जनचेतना कार्यक्रम सम्पन्न गरिएको थियो।

## एक गाउँ एक उत्पादनको लागि गुणस्तरीय विरुवा उत्पादन तथा वितरण

जुम्ला जिल्लामा पाईने विविध जडीबुटीहरु मध्ये खेती प्रविधि विकास भइसकेका, खेती परिक्षण भइसकेका, आर्थिक सम्भाव्यता बोकेका तथा जिल्लाको पहिचान बोक्न सक्ने खालको विरुवाको उत्पादन तथा वितरण गरी एक उत्पादनको माध्यमबाट जिल्लाको गर्विलो पहिचान बनाउने कार्यक्रमलाई निरन्तरता दिदै खेती बिस्तारमा ध्यान दिनुपर्ने देखिन्छ, समुह गठन गरी गुणस्तरीय विरुवा उत्पादन तथा वितरण गर्ने, समुह परिचालन गरी छनौट गरिएका समुहमा यस कार्यक्रम अन्तर्गत जुम्ला जिल्लामा सजिलै खेति विस्तार गर्न सकिने जडिबुटी अतिसको एक गाउँ एक उत्पादनको लागी गुणस्तरीय विरुवा उत्पादन तथा वितरण पटमाराको वातामा अभिमुखिकरण गोष्ठि सम्पन्न गरिएको तथा १० हजार अतिसको विरुवा उत्पादनको काम सम्पन्न भएको।

**पृष्ठभूमी:**

जडिवुटीको भण्डार मानिने कर्णाली अञ्चलको जुम्लामा रहेको जिल्ला वनस्पति कार्यालयले आफ्नो स्थापना काल देखि नै जडिवुडि तथा अन्य महत्वपूर्ण वनस्पतिहरुको सर्वेक्षण, संरक्षण र दिगो व्यवस्थापन तथा उपयोगको बारेमा काम गर्दे आइरहेको सन्दर्भ सबैलाई सर्वविदितै छ । यसैगरी जिल्लाको विभिन्न क्षेत्रहरुमा जडिवुटिको खेति प्रविधि विस्तार गर्ने उद्देश्यका साथ तालिम तथा उद्यम विकास, अन्तरक्रिया, जडिवुटीको घरेलुकरण खेतीप्रविधि अनुसन्धान, जडिवुटी समूह, जडिवुटी सुचना केन्द्र, जडिवुटी प्रदर्शनी प्लट तथा वनस्पति उद्यान, वनस्पति श्रोतको उपयोगी ज्ञानको अभिलेखिकरणको माध्यमबाट जडिवुटि कृषक वा सम्बद्ध सरोकार वालालाई सु-सुचित पार्ने काम पनि भइरहेको छ । साथै विशेषगरी प्राकृतिक वासस्थानमा वहुमूल्य जडिवुटी लोपहुदै गईरहेको अवस्थामा जैविक श्रोतको वँश सँरक्षण, प्राकृतिक भौगोलिक संरचना, हावापानीमा आर्थिक उर्पाजनका प्रमुख वैकल्पिक श्रोत तथा आधुनिक स्वास्थ्य उपचारका पहुँचबाट टाढा रहेका मानिसहरुलाई स्थानिय स्तरमै स्थानीय वनस्पतिको प्रयोग गरी प्राथामिक स्वास्थ्य उपचार गराउन पनि जडिवुटिको खेति प्रविधिको विकासको आवश्यकता अत्यन्त सान्दर्भिक देखिन्छ ।

**उद्देश्य तथा अपेक्षित उपलब्धी:**

क्षेत्र अनुसार स्थानीय स्तरमा हुर्कन सक्ने व्यापारीक महत्वको वनस्पति एक प्रजातीको विरुवा रोपणवाट केही वर्ष पछि आय आर्जनको दिगो स्रोतको रुपमा विकसति गराउने । जडिवुटीजन्य वनस्पतिको सँरक्षण, सदुपोग तथा खेती विस्तार भई आय आर्जनमा वृद्धि हुन जाने ।

**एक गाँउ एक उत्पादन गतिविधि:**

जिल्ला वनस्पति कार्यालय, जुम्लाको स्किृत वार्षिक कार्यकमको जडिवुटी विकास कार्यक्रम अन्तरगतको **"एक गाँउ एक उत्पादनको लागी अतिस सम्वन्धि अभिमुखीकरण अन्तरकिया गोष्ठी"** जुम्ला जिल्ला पट्मारा गा वि स मा आयोजना गरि १०,००० अतिसको विरुवा वितरण समेत गरीयो ।

**अभिमुखीकरण:**

एक गाँउ एक उत्पादनको लागी अतिस सम्वन्धि अभिमुखीकरण अन्तरकिया गोष्ठी, पट्मारा गा वि स वडा न. ७ र ८ वातामा फिल्डस्तरी अभिमुखीकरण कक्षा सञ्चालन गरीयो । अभिमुखीकरण कक्षामा जिल्ला वनस्पति कार्यलय, जुम्लाको असिष्टेण्ट वोटानिष्ट श्री चन्द्र मोहन गुर्मछान ले जडिवुटी अतिस नर्सरी प्रविधि ,जडिवुटि विरुवा प्रसारण विधिहरु र सँकलन (अतिस खेती प्रविधि) वारेमा कक्षा सञ्चालन गर्नु भयो ।





**कार्यक्रम तालिका**

| मिति | समय | कार्यक्रम |
|---|---|---|
| २०७३/०५/१६ | ११:०० - १२:३० | आयमुलक जडिवुटी खेती सम्वन्धि,जडिवुटीको दिगो व्यवस्थापन |
| | १२:३० - १ :३० | जडिवुटी नर्सरी प्रविधि वारेमा जानकारी ,जडिवुटि विरुवा प्रसारण विधिहरु |
| | १ :३० - २:०० | खाजा |
| | २ :०० - ३:०० | अतिस खेती प्रविधि |
| | ३:०० - ४:०० | वनस्पति विभाग र जिल्ला वनस्पति कार्यालय, जुम्ला को परिचय |

**उपस्थिति**

| क स | नाम | ठेगाना |
|---|---|---|
| १ | कर्ण खडका | पटमारा ४, जुम्ला |
| २ | रेखा वुढा | पटमारा ६, जुम्ला |
| ३ | हिरा वुढा | पटमारा ५, जुम्ला |
| ४ | एकमाया वुढा | पटमारा ६, जुम्ला |
| ५ | विष्णु थापा | पटमारा ३, जुम्ला |
| ६ | धनकली वुढा | पटमारा ३, जुम्ला |
| ७ | दिपकली वुढा | पटमारा १, जुम्ला |
| ८ | जनमाया रावत | पटमारा २, जुम्ला |
| ९ | विष्णुकली थापा | पटमारा १, जुम्ला |
| १० | सानीमाया वुढा | पटमारा २, जुम्ला |

| | | |
|---|---|---|
| ११ | कलासि वुढा | पटमारा १, जुम्ला |
| १२ | कमला महतारा | पटमारा ८, जुम्ला |
| १३ | वाचुकली महतारा | पटमारा ८, जुम्ला |
| १४ | पुता वुढा | पटमारा ८, जुम्ला |
| १५ | विष्णु वुढा | पटमारा ७, जुम्ला |
| १६ | पवि वुढा | पटमारा ६, जुम्ला |
| १७ | रमिला विष्ट | पटमारा ९ जुम्ला |
| १८ | हरिदेवी वुढा | पटमारा ३, जुम्ला |
| १९ | हस्तना योगी | पटमारा ९, जुम्ला |
| २० | मदन कुमार खडका | जिल्ला वनस्पति कार्यालय, जुम्ला |
| २१ | चन्द्रमोहन गुर्मछान | जिल्ला वनस्पति कार्यालय, जुम्ला |










**सामुदायिक तथा सार्वजनिक जग्गामा संघ/संस्था समुदायलाई प्रति विरुवा रु.३ का दरले ढुवानी, वृक्षरोपणमा सहयोग अनुदान**

जडिबुटी तथा गैह्रकाष्ठ विरुवा रोपण/पुनः रोपण गर्न सामुदायिक तथा सार्वजनिक जग्गामा संघ संस्था तथा व्यक्ति, समुदायलाई ढुवानी, बृक्षारोपण तथा व्यवस्थापन गर्न लगाई उनीहरुलाई प्रोत्साहन गर्न आर्थिक सहयोग प्रदान गर्नु आवश्यक देखिन्छ ।सामुदायिक तथा सार्वजनिक जग्गामा संघ संस्था तथा व्यक्ति, समुदायलाई ढुवानी, बृक्षारोपण तथा व्यवस्थापन गर्न लगाई सहयोग अनुदान प्रदान गर्ने ।सामुदायिक तथा सार्वजनिक जग्गामा संघ संस्था तथा व्यक्ति, समुदायलाई ढुवानी, बृक्षारोपण तथा व्यवस्थापन गर्न लगाई जडिबुटी रोपण बृक्षारोपण गरी संरक्षण गर्ने लाई थप प्रोत्साहन गर्न गेरुखान सामुदायिक वन उपभोक्ता समिति, जनजागृति सामुदायिक वन उपभोक्ता समिति लाइ प्रति विरुवा रु.३ का दरले ढुवानी, वृक्षरोपणमा सहयोग अनुदान दिने काम सम्पन्न भएको।

**निजी जग्गामा रोपणका लागि गरिब तथा विपन्न वर्गलाई प्रति विरुवा रु. ५ का दरले ढुवानी तथा वृक्षारोपण सहयोग अनुदान**

जडिबुटी तथा गैह्रकाष्ठ विरुवा रोपण/पुनः रोपण गर्न निजी कृषक तथा उद्यमीलाई विरुवा संकलन, विउ संकलन गरी रोपण गर्न लगाई उनीहरुलाई प्रोत्साहन गर्न आर्थिक सहयोग प्रदान गर्नु आवश्यक देखिन्छ । जडीबुटी कृषक तथा जनसमुदायलाई जडिबुटी रोपण गरी संरक्षण गर्न लगाई प्रति विरुवा रु. ५ का दरले प्रदान गर्ने ।जडीबुटी कृषक तथा जनसमुदायलाई जडिबुटी रोपण बृक्षारोपण गरी संरक्षण गर्ने लाई थप प्रोत्साहन गर्न प्रति विरुवा रु.५ का दरले निजी जग्गामा रोपणका लागि गरिब तथा विपन्न वर्गलाई ढुवानी तथा वृक्षारोपण सहयोग अनुदानका लागी रामकृष्ण वुढथापा, जय विक्रम शाही, रमा न्यौपाने पुरीचन्द्र धिताल लाइ प्रति विरुवा रु.५ का दरले ढुवानी, वृक्षरोपणमा सहयोग अनुदान दिने काम सम्पन्न भएकौ।